**नेपाली / *NEPALI***

## ***UW–Madison*** **नेतृत्वले प्रशासनिक सेवाहरू प्रति कर्मचारी प्रतिक्रिया खोज्दै**

अप्रिल ९ मा, २०२४ सालको प्रशासनिक गुणस्तर सन्तुष्टि सर्वेक्षण खोलियो। *UW–Madison* का सबै संकाय, कर्मचारी, *postdoctoral* र स्नातक सहायक कर्मचारीहरूले *UW–Madison* का प्रशासनिक सेवाहरू प्रति आफ्नो अनुभव साझा गर्न एउटा लिङ्क पाउनुभयो।

मानव संसाधन, अनुसन्धान प्रशासन, सूचना प्रविधि र अन्य धेरै आवश्यक प्रशासनिक सेवाहरूले *UW–Madison* को शैक्षिक, अनुसन्धान, र जनसेवा प्रतिको सफलतालाई समर्थन गर्दछन्।

यो सर्वेक्षण एउटा तरिका हो जुन प्रोभोस्ट Charles Isbell र अर्थ र प्रशासनका उपकुलपति Rob Cramer ले यी सेवाहरूप्रतिको समग्र सन्तुष्टिको बारेमा जान्न र तिनीहरूलाई सुधार्ने तरिकाहरू पहिचान गर्न प्रयोग गर्नुभएको छ। सर्वेक्षण नतिजाहरूले *UW–Madison* मा प्रशासनिक रूपान्तरणको लागि मूल्यवान आधारभूत नाप पनि प्रदान गर्नेछ, जसमा २०२५ सालको जुलाई महिनामा *Workday* मा सर्ने कुरा पनि समावेश छ।

"प्रभावकारी प्रशासनिक सेवाहरूले हाम्रा संकाय र कर्मचारीहरूलाई हाम्रो शिक्षा, अनुसन्धान, र जनसेवा उद्देश्यमा बढी समय खर्च गर्न सशक्त बनाउँदछ," Isbell ले भन्नुभयो। "यस सर्वेक्षणले हामीलाई उच्च प्रदर्शन क्षेत्रहरूबाट सफलताहरूको फाइदा उठाउँदै मानिसहरूलाई आफ्नो काम गर्न सजिलो बनाउने अवसरहरू पहिचान गर्न अनुमति दिन्छ।"

कर्मचारीहरूले आफ्नो कामको समयमा (तलब पाउने समय) अङ्ग्रेजी, स्पैनिश, चिनियाँ, मङ, तिब्बती वा नेपाली भाषामा सर्वेक्षण पूरा गर्न सक्नुहुनेछ। बजेट वा कर्मचारी कार्यसम्पादन मूल्याङ्कन गर्न *UW–Madison* ले सर्वेक्षणका नातिजारू प्रयोग **गर्नेछैन**।

२०२२ सालाको सर्वेक्षण नतिजाहरूले सुधारका दुई क्षेत्रहरू पहिचान गरे: यात्रा (*Concur*) र खरीद। प्रतिक्रिया स्वरूप, *UW–Madison* नेतृत्वले *Concur* का यात्रा नीतिहरूको समीक्षा र अपडेट गऱ्यो, नयाँ तालिम मोड्युल बनायो र यात्रा सम्बन्धित नीति र प्रक्रिया प्रश्नहरूमा सहयोग गर्न यात्रा प्रबन्धक Terry Wilson लाई नियुक्त गऱ्यो। थप रूपमा, सबै कर्मचारीहरूलाई प्रयोग गर्नको लागि व्यापार सेवाले आफ्नो वेबसाईटमा सरलीकृत खरिद गाइडहरू प्रकाशित गऱ्यो।

"हामी सबै सहभागीहरूलाई सर्वेक्षण पूरा गर्दा इमानदार र विशिष्ट हुन प्रोत्साहित गर्दछौं," Cramer ले भन्नुभयो। "हामीले पाउने प्रतिक्रियाले हामीलाई के कुराले काम गरिरहेको छ र निश्चित सेवाहरूमा कर्मचारी सन्तुष्टि सुधार गर्न हामीले थप समय, स्रोतसाधन र ऊर्जा कहाँ खर्च गर्नुपर्नेछ भनेर बुझ्न सहयोग गर्दछ। *UW–Madison* मा प्रशासनिक काम गर्ने तरिका सुधार गर्न यो एउटा आवश्यक अभ्यास हो।"

सर्वेक्षण वितरण गर्न, विश्लेषण समर्थन गर्न र प्रतिक्रियाहरू गोप्य राख्न *UW–Madison* ले *HelioCampus* भनिने तेस्रो पक्षको संगठनसँग साझेदारी गरेको छ। *HelioCampus* ले *UW–Madison* सँग कर्मचारीको जानकारी साझा गर्दैन जबसम्म उत्पीडन, दुर्व्यवहार, वा हानिको खतरासँग सम्बन्धित कानूनी रिपोर्टिङ्ग गर्ने आवश्यकताहरू देखिँदैनन्।

थप जानकारीको लागि, यो वेबसाईट हेर्नुहोला: finadmin.wisc.edu/aqss।